जानकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## न्यूनतम रोजगारी, सीपमूलक तालिम र उद्यमशीलता कार्यक्रममा संलग्न हुनको लागि निवेदन पेश गर्ने बारेको सूचना।

(प्रकाशित मितिः- २०८२।१२।०१)

ने.सं. ११४६ चिल्लागा, ११ आइतवार

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७५ को नियम ७ को उपनियम (१) र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ बमोजिम आगामी आ.व.२०८३।०८४ मा सञ्चालन हुने न्यूनतम रोजगारी, सीपमूलक तालिम र उद्यमशीलता कार्यक्रममा संलग्न हुन चाहने (१८-५९) बर्ष समूहका बेरोजगार व्यक्तिहरुले आफ्नो स्थायी बसोवास भएको वडा कार्यालयमा गई २०८२ चैत्र मसान्तसम्म निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र बाट निःशुल्क प्राप्त गर्न सकिने छ र बेरोजगार व्यक्तिले तपसिल बमोजिमको विवरण अनिवार्य पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः-

१. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि थान-१
२. निवेदकको पासपोर्ट आकारको फोटो थान-१
३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्ममिति, नागरिकता नं., जारी जिल्ला जारी मिति, सम्पर्क नं र परिवारको वार्षिक आय अनिवार्य उल्लेख गर्नुपर्ने छ ।
४. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिए/नलिएको विवरण अनिवार्य भर्नुपर्ने छ ।
५. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

....................

तस अधिकारी

रोजगार संयोजक

८२/१२/०१

(भानुभक्त भट्ट)

प्रमुख प्रशासकीय अधिकृत

भानुभक्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत